अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ११ मितिः २०७८/०६/२४

**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको स्थानीय गाईपालन प्रवर्धन कार्यक्रम संचालन कार्यविधि,२०७८ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# स्थानीय गाईपालन प्रवर्धन कार्यक्रम संचालन कार्यविधि,२०७८

**पृष्ठभूमि :**

गाउँपालिका भित्र स्थानीय जातको गाईपालन गर्दै आएका कृषकहरुलाई प्रोत्साहन स्वरुप स्थानीय जातको गाईलाई सुत्केरी पशु आहारा भत्ता उपलब्ध गराई सन्तुलित आहारा र अन्य स्याहार सुसारका लागि कृषकहरुमा जागरण ल्याई अजिरकोट गाउँपालिकामा स्थानीय जातको प्रवर्धन गर्ने हेतुले गाउँपालिकाबाट स्वीकृत स्थानीय गाईपालन प्रवर्धन कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शीरूपले कार्यान्वयन गर्न अजिरकोट गाउँपालिका, गाउँपालिकाको कार्यालयबाट यो कार्यविधि जारि गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. सन्क्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम "स्थानीय गाईपालन प्रवर्धन कार्यक्रम संचालन कार्यविधि, २०७८" रहेको छ ।

२) यो कार्यविधि अजिरकोट गाउँपालिका, गाउँपालिकाको कार्यालयले पारित गरेको मिति देखि लागु हुनेछ ।

३) यो कार्यविधि अजिरकोट गाउँपालिका भर लागु हुनेछ।

## परिच्छेद २
## परिभाषा

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

३) "शाखा प्रमुख" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

४) "गाउँ कार्यपालिका" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछु ।

५) "समिति" भन्नाले छनौट समिति सम्झनु पर्दछ ।

## परिच्छेद ३
## उद्देश्यहरु

**३. उद्देश्यहरु :**

१) लोप हुदै गईरहेको स्थानिय जातको गाईपालनलाई प्रोत्साहन गरि कृषकहरुलाई यसतर्फ आकर्षित गर्ने ।

२) बाच्छा बाच्छीको मृत्युदर कम गरि स्थानिय जातको गाईको संख्यात्मत बृद्दीमा टेवा पुर्याउने ।

## परिच्छेद-४

## कार्यक्रम संचालन प्रक्रिया

**४. आबेदन माग गर्न सक्ने :**

१) कार्यक्रम संचालन गर्नका लागि गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशित गरि आबेदन माग गर्न सक्नेछ

२) उपदफा १ बमोजिमको सूचना अनुसार आबेदन पेश गर्दा कृषकले अनुसूची १ बमोजिमको कागजातहरु पेश गर्नु पर्दछ ।

**५. आवेदन संकलन** : प्राप्त आवेदनहरु गाउँपालिकाको पशु सेवा शाखामा दर्ता गराउनु पर्नेछ ।

## परिच्च्छेद ५

## छनौट प्रक्रिया

**६. छनौट समिति** :

छनौट समिति देहाय बमोजिमको हुनेछ :

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक १ जना

ख) योजना शाखा प्रमुख - सदस्य १ जना

ग) प्र.प्रशासकीय अधिकृतले तोकेको प्रशासन वा लेखा शाखाको कर्मचारी — सदस्य १ जना

घ) सम्बन्धित विषयगत समितिको संयोजक - सदस्य १ जना

ङ) पशु सेवा शाखा प्रमुख - सदस्य सचिब १ जना

**७. छनौट समितिको काम कर्तब्य र अधिकार** : छनौट समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ :

क) प्रकाशित सुचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहिको प्राथमिकीकरण गर्ने,

ख) लाभ ग्राहिको छनौट गर्ने,

ग) कार्यक्रम सम्झौता गरि कार्यान्वयनको चरणमा लैजाने,

घ) समितिको बैठक सम्बन्धि व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. छनौट प्रक्रिया :**

क) अजिरकोट गाउँपालिका, पशु सेवा शाखाले कार्यक्रमको सुचना प्रकाशन गर्नेछ ।

ख) स्थानिय गाईपालक कृषकले यो कार्यविधि लागु भई सुचना भए देखि आ.व.को जेष्ठ मसान्त सम्म निवेदन पेश गर्न सक्नेछन ।

ग) प्राप्त निवेदनहरु र उल्लिखित कागजात सहितको विवरण छानबिन गरि सम्बन्धित वडा प्राविधिकले पशु सेवा शाखामा पेश गर्नेछ । पशु सेवा शाखा प्रमुख अर्थात गाउँकार्यपालिका विषयगत शाखा पशु तर्फका संयोजकले छनौट समितिमा पेश गरे पश्चात उक्त समितिको निर्णय अनुसार सम्बन्धित कृषकलाइ रकम उपलब्ध गराइने छ ।

घ) विनियोजित बजेटबाट पुग्ने संख्याका कृषक भन्दा बढी आवेदन परेको हकमा गरिबको सुचिमा परेकालाई प्राथमिकता दिई सुची तयार गरिनेछ । यसो गर्दापनि कृषक संख्या बढी भएमा पहिले ब्याउने पशुलाई प्राथमिकता दिई कृषक छनौट गरिनेछ । कृषक छनौट गर्ने अन्य आधार समितिले तोके बमोजिम हुनेछ ।

ङ) कृषक छनौट भएपछी छनौट भएका कृषकरुले यो कार्यविधि अनुसारको अनुदान रकम प्राप्त गर्ने छन् ।

**७. स्थानीय गाई सुत्केरी पोषण भत्ता वितरणका शर्तहरु**

यस गाउँपालिका भित्रका पाल्तु स्थानीय गाई सुत्केरी पोषण भत्ता वितरणका शर्तहरु यस प्रकार हुनेछ-

क) पालन गरेको गाई स्थानीय जातको हुनुपर्नेछ ।

ख) गाई सुत्केरी हुनु भन्दा १ महिना पहिला देखि आफ्नै घरमा पालेको हुनुपर्नेछ ।

ग) गाई ब्याएपछि कम्तिमा एक महिना सम्म आफै पाल्नु पर्नेछ ।

घ) यस कार्यविधि बमोजिम सुविधा प्राप्त गर्न अनुसुचि १ मा उल्लिखित कागजात समावेश गरि यस गाउँपालिका भित्रको सम्बन्धित वडा कार्यालयमा दिएको निवेदन पशु सेवा शाखामा पठाउनु पर्नेछ ।

## परिच्छेद ६
## भुक्तानी प्रक्रिया

**८. अनुदान रकम र भुक्तानी प्रक्रियाः**

१) स्थानीय गाई सुत्केरी पोषण भत्ता प्रोत्साहन स्वरुप प्रति ब्याएको गाई बापत रु.५००० (रु. पाँच हजार रुपैया मात्र) उपलब्ध गराइने छ ।

२) छनौट समितिको निर्णय अनुसार सम्बन्धित कृषकलाइ चेक मार्फत वा निजको बैंक खातामा रकम उपलब्ध गराइने छ ।

**९. अनुगमनः**

१) संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय तथा पशु सेवा शाखाले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

## परिच्छेद-७

## बिबिध

१०. **बाधा अड्काउ फुकाउ** : यस कार्यविधि कार्यन्वयनको सम्बन्धमा कुनै दुबिधा भएमा समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

११. **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

## अनुसुचि – १
### (दफा ४ संग सम्बन्धित)
### अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदन

मितिः........................................

श्री पशु सेवा शाखा प्रमुख ज्यु,
अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
भच्चेक, गोरखा

**विषयः स्थानीय गाई सुत्केरी आहार भत्ता माग सम्बन्धमा**

प्रस्तुत विषयमा अजिरकोट गाउँपालिका, पशु सेवा शाखाबाट मिति ..............................मा प्रकाशित सुचना अनुसार "स्थानिय गाईपालन प्रवर्धन" कार्यक्रम अन्तर्गत स्थानीय जातको सुत्केरी गाईलाइ पोषण/आहारा भत्ता उपलब्ध गराइने कार्यक्रम रहेको र म ................................ले पालन पोषण गरिरहेको वर्ष................ को ............... रङ्गको गाई मिति ............................ मा ब्याएकोले तपशिलका कागजातहरु संलग्न गरी निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

बैंकको नाम :

खातावालको नाम :

खाता नं. :

संलग्न कागजातहरुः

अ) सम्बन्धित वडा कार्यालयको सिफारिस
आ) पशुपालन गर्ने व्यक्तिको नेपाली नागरिकताको फोटोकपी
इ) सम्बन्धित कृषक सहित सुत्केरी गाईको साथको बाच्छा/बाच्छीको फोटो २ प्रति
ई) अनुसुचि ३ बमोजिम सम्बन्धित वडा प्राविधिकको अनुगमन प्रतिवेदन
उ) गाईपालनको लागि फर्म दर्ता भएको भए दर्ता प्रमाण पत्रको प्रतिलिपि
ऊ) कृषकको प्रतिबद्दता पत्र

**निवेदकको**
दस्तखत :
नाम,थर :
ठेगानाः
सम्पर्क नम्बरः

## अनुसुचि : २

## कृषकको प्रतिवद्दता पत्र

स्थानिय गाईपालन प्रवर्धन कार्यक्रम अन्तर्गत सुत्केरी गाईलाई पोषण आहारा भत्ता कार्यक्रमको लागि कृषकको प्रतिवद्दता पत्रको नमुना

अजिरकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, पशु सेवा शाखा द्वारा प्रकाशित सुचना अनुसार "स्थानिय गाईपालन प्रवर्धन" कार्यक्रम अन्तर्गत स्थानीय जातको सुत्केरी गाईलाइ पोषण/आहारा भत्ता उपलब्ध गराइने कार्यक्रम रहेको र म ..................................ले पालन पोषण गरिरहेको वर्ष................ को ............... रङ्गको गाई मिति ............................ मा ब्याएकोले म यस कार्यक्रममा सहभागी हुन योग्य छु र उक्त पोषण भत्ता बापत प्राप्त हुने रकमले तपशिलमा उल्लिखित कार्य गर्नेछु ।

**तपशिल**

क) अनुदान रकमबाट लैनो माउ र बाच्छा/बाच्छीको विशेष स्याहार सुसार गर्नेछु ।

ख) पौस्टिक आहार, भिटामिन आदिको व्यवस्थापन गर्नेछु ।

ग) अनुदान कार्यक्रमको अवधि समाप्त भए पछि पनि स्याहार सुसारको कार्यलाई निरन्तरता दिनेछु ।

घ) माथि उल्लिखित क्रियाकलाप नगरेमा र कार्य सन्तोषजनक नदेखिएमा नियमानुसार सजाय र कार्यवाही भोग्न तयार छु ।

ङ) अनुदानबाट प्राप्त गर्ने गरेका क्रियाकलापहरुको विवरण पशु सेवा शाखालाई पेश गर्नेछु ।

| कृषक/फर्म | रहोबर |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : वडा अध्यक्ष, .......... नं. वडा |
| दस्तखत | दस्तखत : |
| छाप : | छाप : |

मिति :

## अनुसुचि –३

## प्राविधिक अनुगमन प्रतिवेदनको ढाँचा

१. अनुगमन मिति : .........................

२. अनुगमन टोलि विवरण

| क्र.स. | नाम | पद |
|---|---|---|
| | | |
| | | |
| | | |

३. कृषकको नाम : ..................................

४. ठेगाना : ..................................

५. फर्म दर्ता भएको भए,

क) फर्मको नाम :

ख) दर्ता नं:/आ.व. :

ग) दर्तामा उल्लिखित ठेगाना :

अनुगमनमा देखिएका तथ्यहरु-

क) व्याएको गाईको संख्या :

ख) बाच्छाको संख्या :

ग) बाच्छिको संख्या :

घ) व्याएको मितिः

ङ) कुन मिति देखि सो गाई पालन गरेको :

च) गोठको अवस्था :..................................................................................................

छ) कृषकले पालन गरेको अन्य पशुपन्छीको संख्याः ............................................................
.....................................................................................................................

.........................

दस्तखत

नामः

वडा पशु प्राविधिक,

वडा नं...........

आज्ञाले,

नामः भेषराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत